# २०८१ मङ्सिर १० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | अर्थ मन्त्रालय | नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा श्री सन्तोषनारायण श्रेष्ठलाई नियुक्त गर्ने। |
| 2 | अर्थ मन्त्रालय | लेखामान बोर्डको अध्यक्ष पदमा श्री सुनिर कुमार ढुंगेललाई र लेखापरीक्षणमान बोर्डको अध्यक्ष पदमा श्री जगन्नाथ उपाध्याय निरौलालाई नियुक्त गर्ने। |
| 3 | अर्थ मन्त्रालय | नेपाल सरकार र गणतन्त्र फिनल्याण्डबिच हुने "फिनल्याण्डको सार्वजनिक लगानी सुविधा योजनाअन्तर्गत वित्त परिचालन हुने परियोजनाहरू" विषयक खाका सम्झौता स्वीकृत गर्ने। |
| 4 | अर्थ मन्त्रालय | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको लागि प्रतिवद्धता प्राप्त भएको रकममा खर्च हुन बाँकी जम्मा ७९.२३ मिलियन अमेरिकी डलरमध्ये प्राविधिक सहायतातर्फ साविकको प्राविधिक सहायता र कुल बजेटको अनुपात नबढ्ने गरी परिमार्जित कार्यक्रम दस्तावेज स्वीकृत गर्ने र सोसम्बन्धी संसोधित संयुक्त वित्तीय व्यवस्था अनुमोदन गर्ने। |
| 5 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल आयल निगम लिमिटेडलाई चितवन जिल्लाको राप्ती नगरपालिकामा २-१९-१६.९ बिघा जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| 6 | परराष्ट्र मन्त्रालय | माननीय परराष्ट्र मन्त्री डा. आरजु राणाको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डललाई २०८१ मंसिर १३ देखि १५ सम्म जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण गर्न स्वीकृति दिने। |
| 7 | वन तथा वातावरण मन्त्रालय | पुष्पलाल (मध्यपहाडी) राजमार्ग परियोजनालाई राष्ट्रिय वनको १.०७२ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| 8 | वन तथा वातावरण मन्त्रालय | नेपाल विद्युत प्राधिकरणलाई कालिगण्डकी-रिडी १३२ के.भि. विद्युत प्रसारण लाइन आयोजना निर्माणको लागि राष्ट्रिय वन क्षेत्रको ६.२१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| 9 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८१ पुस ३ देखि १० गतेसम्म गणतन्त्र कोरियामा फोहोरमैला व्यवस्थापनसम्बन्धी अध्ययन भ्रमणमा सहभागी हुन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलाई स्वीकृति प्रदान गर्ने। |

## २०८१ मङ्सिर १३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयहरू |
|---|---|---|
| 1 | अर्थ मन्त्रालय | एशियाली विकास बैंकबाट Climate Resilient Landscapes and Livelihoods परियोजनाको लागि प्रस्ताव गरिएको २२ मिलियन अमेरिकी डलर अनुदान तथा १० मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने। |
| 2 | अर्थ मन्त्रालय | एसियाली विकास बैंकबाट नवीनतम यान्त्रिक सिँचाइ आयोजनाको कार्यान्वयनका लागि नेपाल सरकारलाई प्राप्त हुने ११० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण र १५ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने। |
| 3 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | भारतको नयाँ दिल्लीमा आयोजना हुने 29th Partnership Summit मा सहभागी हुन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीलाई स्वीकृति दिने। |
| 4 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | चालु आर्थिक वर्ष २०८१/८२ को लागि उखुको उत्पादन लागत, ढुवानी भाडा र मुनाफासमेत गरी कृषकले उत्पादन गरेको उखुको न्यूनतम खरिद मूल्य प्रति क्विंन्टल रु. ५८५/- निर्धारण गर्ने। |
| 5 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल सरकार र International Water Management Institute (IWMI) बिच हुने Memorandum of Understanding स्वीकृत गर्ने। |
| 6 | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल सरकार र The International Centre for Research in Agroforestry (ICRAF) and The Center for International Forestry Research (CIFOR) बिच हुने समझदारी पत्र (MoU) स्वीकृत गर्ने। |
| 7 | परराष्ट्र मन्त्रालय | मिति २०८१ साल मङ्सिर १७ देखि २० गतेसम्म सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूबाट हुने मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुने प्रतिनिधिमण्डल गठन गर्ने तथा भ्रमण स्वीकृत गर्ने। |
| 8 | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | गोकर्णेश्वर नगरपालिका, काठमाडौंलाई नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने। |

(ख) उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ (दोश्रो संशोधन, २०७६ सहित) को दफा ३(१) बमोजिम चालु आ.व. २०८१/८२ का लागि अनुदान रकम प्रति क्वीन्टल रु. ७०/- कायम गर्ने।